**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० भदौ ०३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 20 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ०२


## प्रतीक दैनिकको ३७औं वार्षिकोत्सव सम्पन्न

## सुबोध स्मृति पुरस्कार झालाई प्रदान




पत्रकार झालाई सम्मानित गर्दै नगरप्रमुख सिंह । तस्वीरः प्रतीक







स्तम्भकार ठाकुरलाई नगद राशिसहित सम्मानित गर्दै प्रजिअ रेग्मी र कर्मचारी बस्नेतलाई सम्मानित गर्दै वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष गौतम । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २ भदौ/
वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सुबोध स्मृति पुरस्कारको राशि वृद्धि गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा ज्येष्ठ नागरिक पार्कमा आयोजित कार्यक्रममा पत्रकार चन्द्रकिशोर झालाई रु ५१ हजार राशिको सुबोध स्मृति पुरस्कार प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख सिंहले आगामी वर्ष पुरस्कारको राशि रु एक लाख पुऱ्याउने वचनबद्धता जाहेर गरे । उनले पत्रकारितामा आएको विकृतिलाई वीरगंजका पत्रकारहरूले हटाउने प्रयास गर्नुपर्ने बताए । उनले आफूविरुद्ध नभएको समाचार पस्केर बदनाम गर्ने कार्य नगर्न र सत्य समाचार प्रकाशित गर्न सुझाए । भ्रष्टाचारविरुद्ध अख्तियारलाई चेकजाँच गर्न आफू निर्वाचित भएको केही दिनपछि नै आग्रह गरेको तर अहिलेसम्म पत्र मात्र आएको भन्दै भ्रष्टाचार भएको भए अख्तियार चुप लागेर नबस्ने उनको तर्क थियो ।

पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले वीरगंजको पत्रकारितामा प्रतीक दैनिकले आफ्नो छुट्टै पहिचान बनाएको बताए । उनले सत्य, निष्पक्ष पत्रकारिता त्यो पनि लामो अवधिसम्म निरन्तर जारी राख्नु आफैंमा चुनौतीपूर्ण कार्य भएको र यसमा प्रतीक दैनिक अहिलेसम्म खरो उभिएको बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले प्रतीक दैनिक अहिलेसम्म निरन्तररूपमा पाठकहरूसम्म पुग्दै आएको र आगामी दिनमा पनि अझै बढी परिष्कृतरूपमा पाठकहरूको मन जित्दै अगाडि बढोस् भनी शुभकामना व्यक्त गरे ।

लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य नेजामुद्दीन समानीले प्रतीक दैनिकले अहिलेसम्म निष्पक्ष पत्रकारिता गर्दै आएको र यसलाई निरन्तरता प्रदान गरोस् भनी शुभकामना व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जारा र पर्सा शाखा अध्यक्ष अनुप तिवारीले पनि पत्रकारिताको लागि प्रतीक दैनिक उदाहरणीय भएको र भेदभावरहित अहिलेसम्म पत्रकारिता विधालाई जीवन्तता प्रदान गर्दै आएको बताए ।

यस वर्षको सुबोध स्मृति पुरस्कारबाट पुरस्कृत झाले पत्रकारिता पेशा कठिन भएको र यसलाई अहिलेसम्म प्रतीकले विभिन्न आरोह–अवरोह पार गर्दै जीवित पार्दै आएको बताए । उनले अहिलेको प्रविधिको युगमा विभिन्न विधाका पत्रकारिता फस्टाएको र पत्रिकाहरूको अवस्था नाजुक भएकोले यसको संरक्षण स्थानीय तहले गर्नुपर्ने सुझाए । नगर, जिल्लाको धरोहर मेटिन नदिनका लागि महानगरलगायतका पालिकाहरूले यस विषयमा गम्भीर हुनुपर्ने उनले बताए ।

प्रतीक दैनिका प्रधानसम्पादक जगदीशप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत र सञ्चालन सम्पादक शत्रुघ्न नेपालले गरेका थिए ।

## निजगढलाई एभोकाडो नगर बनाउने

प्रस, निजगढ, २ भदौ/
निजगढ नगरपालिकालाई एभोकाडो नगरको रूपमा अभियान चलाउने उद्देश्यले शनिवार बिरुवा रोपण, वितरण कार्य शुरू भएको छ । निजगढ–५ स्थित सार्वजनिक मावि परिसरमा शनिवार बिहान एभोकाडोको बिरुवा रोपण गरी अभियानको सुरुआत गरिएको थियो । बडो मेहनतका साथ बिरुवालाई हुर्काउनुपर्ने दायित्व, जिम्मेवारी रहेजस्तै विद्यालय परिसरमा रोपण गरिएका बिरुवालाई नमूनाका रूपमा हुर्काउने दायित्व र जिम्मेवारी सार्वजनिक मावि परिवारको काँधमा आएको र सफल बनाउने प्रअ लामाले बताए ।



निजगढ–५ स्थित सार्वजनिक मावि परिसरमा एभोकाडोको बिरुवा रोपण गर्दै मुख्य अभियन्ता दङ्गालगायत । तस्वीरः प्रतीक

निजगढका १२ हजार घरधुरी र एक घर दुई एभोकाडो बिरुवा हुर्काउनुपर्ने अभियानको थालनी गरिएको अभियानका मुख्य अभियन्ता रविराज दङ्गालले बताए ।

यो एउटा विशुद्ध सामाजिक अभियान हो । यस बिरुवाले वातावरणलाई स्वच्छ राख्न मदत पुऱ्याउने, यसको फल स्वास्थ्यबर्धक र बिक्री गर्दा एक बोटबाट वार्षिक ५० हजारसम्म आम्दानी लिन सकिने भएकोले पनि यस बिरुवाबाट प्रत्यक्ष, अप्रत्यक्ष दोहोरो फाइदा हुने मुख्य अभियन्ता दङ्गालले बताए ।

निजगढ–५ बागदेवमा रहेका विभिन्न छवटा टोल विकास संस्थाका ५५५ घरधुरीलाई दुई बोटका दरले ११ सय १० बिरुवा वितरण गरिएको एभोकाडो अभियान निजगढले जनाएको छ ।

अभियानको थालनी विद्यालय परिसरमा एभोकाडोको बिरुवा रोपण गरी सुरुआत गरिएकोमा अभियानले सार्थक पाउनेमा आफू आशावादी रहेको सार्वजनिक माविका प्रअ हस्तबहादुर लामाले बताए । बिरुवा प्राप्त गर्ने सबैले केही सार्वजनिक स्थानहरूमा गरी करीब २५ हजार बिरुवा आवश्यक पर्ने जनाउँदै २५ हजार रुपैयाँ खर्च गरी दुई सय बिरुवा आफूले नै खरीद गरी यस अभियानलाई उपलब्ध गराएको बताउँदै १२९ जना यस अभियानमा आर्थिक सहयोग र बिरुवा उपलब्ध गराउने गरी जोडिसकेको मुख्य अभियन्ता दङ्गालले जानकारी दिए । बिरुवा रोपण गरेको तीन वर्षमा फल दिन शुरू गर्ने यस अभियानलाई चार वर्षसम्म निरन्तरता दिइने अहिलेको योजना रहेको भन्दै बिरुवा हुर्काउनका लागि आवश्यक प्राविधिक सल्लाह, सुझावका लागि तत्कालै एकजना प्राविधिक उपलब्ध गराउने र आवश्यकता अनुसार थप गर्नेतर्फ पनि अभियानले आवश्यक कदम चाल्ने जनाइएको छ ।

कार्यक्रममा निजगढ–५ का अध्यक्ष सूर्यबहादुर थापामगर, समाजसेवी केदार गौतम, भोलाप्रसाद गौतम, हस्तबहादुर लामा, सन्तोष दङ्गाल, भीम सापकोटा, रामहरि खरेललगायतले अभियानको सफलताको कामना गरे ।

## अब सम्झनामा मात्र सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया

प्रस, निजगढ, २ भदौ/
शनिवार एक कार्यक्रममा गएर मोटरसाइकलमा फर्कंदै गर्दा बिहान करीब १० बजे सर्पले बाटो काट्यो । मोटरसाइकल रोक्न सक्ने अवस्था थिएन। मैले सडक पार गरें । सर्पले बाटो काटेको शुभ सङ्केत होइन भन्ने जनविश्वास अझै पनि छ । अनि गति कम गर्दै मनभरि कुरा खेल्दै घर १०–१५ मिनेटमा आएँ । बिहानको खाना खाने बेला भइसकेको थियो । शरीर थकित भएको महसूस भयो। एक छिन मोबाइल हेरें अनि खाना खान गएँ । खाना खाएर पुनः मोबाइलमा सामाजिक सञ्जाल हेर्दै थिएँ । प्रतीक दैनिकका समाचार सम्पादक आरके पटेल दाइले 'दुःखद खबर पर्साका सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाको निधन हार्द्धिक श्रद्धाञ्जलि' भनेर सामाजिक सञ्जालमा पोस्ट गर्नुभएको पाएँ । म एक छिन अक्कमक्क अनि स्तब्ध भएँ। उहाँले सशस्त्र प्रहरीको पोशाक लगाएर नै हिजो शुक्रवार प्रतीक दैनिकको वार्षिकोत्सवमा मलाई पुरस्कार प्रदान गर्नुभएकोले मनलाई बाँधेर समाचार सम्पादक आरके पटेल दाइलाई फोन सम्पर्क गरें । उहाँको मोबाइल निकै व्यस्त थियो । निकै बेर सम्पर्क हुन सकेन । पछि भयो । हो उहाँ नै हो तपाईंलाई हिजो पुरस्कार प्रदान गर्नुहुने सप्रउ भन्नुभयो। एक छिन केही सोच्नै सकिनँ ।

एक छिनपछि सामाजिक सञ्जालमा थपलिया सरको अकस्मात् भएको दुःखद निधनको खबरलाई पत्याउन सहज बनाइरहँदा पनि अझै पत्याउन सजिलो भएको थिएन मलाई । हुनत यसअघि न कुनै सभा–समारोह, न त कुनै अन्य कार्यक्रममा नै उहाँको र मेरो भेट भएको थियो। हिजो भदौ १ गते प्रतीक दैनिकको ३७औं वार्षिकोत्सवमैं उहाँसँगको मेरो पहिलो तथा अन्तिम भेट बन्न पुग्यो ।




कार्यक्रममा पत्रकार श्रेष्ठलाई सम्मानित गर्दै सप्रउ थपलिया । तस्वीरः प्रतीक

**दैव पनि कति निठुरी, कति निर्दयी**

उमेरको हिसाबले उहाँ मभन्दा ६–७ वर्षले कान्छो हुनुहुँदो रहेछ। तर सशस्त्र प्रहरी बल नेपालको गौरव अनि गर्विलो जिम्मेवारी सम्हाल्दै मुलुकै प्रमुख आर्थिक नगरी वीरगंजमा शान्ति, सुरक्षा, अमनचयन गराउने सङ्गठनको मुख्य उद्देश्यलाई सफल बनाउन सात महीनाअघि सशस्त्र प्रहरी बल नेपाल, पर्साको प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षकको जिम्मेवारी सम्हाल्नुभएको जानकारी पाएँ ।

यसअघि उहाँलाई कहींकतै नदेखेको र कुनै माध्यमबाट गफगाफ पनि नभएकोले अन्य विषयमा केही भन्न सक्दिनँ । तर हिजो सम्पन्न प्रतीक दैनिकको वार्षिकोत्सवमा उहाँले मलाई पुरस्कार दिंदा पहिलो भेट भएको थियो। उहाँको र मेरो त्यस भेट बढीमा दुई मिनेटभन्दा बढी पक्कै लागेन होला । किनकि कार्यक्रम छोटो मीठो गर्ने चलन प्रतीक दैनिकको पुरानो शैली पनि हो ।

त्यसमाथि म कार्यक्रममा धेरै ढिलो गरी पुगेको थिएँ। उहाँलाई जति समय मैले राम्ररी नियालें। उहाँ साह्रै हसिलो, छरितो शरीर, ऊर्जावान् भएको पाएँ। हुनत उहाँ फौजी सङ्गठनमा आबद्ध हुनुभएकोले पनि उहाँको शारीरिक सुगठन हेरेर म खूबै प्रभावित भएको थिएँ । कुनै दिन उहाँले जागीरे जीवनबाट भोग्नुभएका अनुभव, सुरक्षा निकायको जिम्मेवार पदमा रहनुहुँदा समाजलाई कसरी नजीकैबाट हेर्नुभयो । त्यसमाथि मधेस प्रदेशको वीरगंज लगायतका भन्न मिल्ने अनेकौं कुराको अनुभव सुन्ने मेरो भित्री इच्छा थियो । अनि समाचार तयार गर्ने योजना पनि थियो ।

हुनत मैले पत्रकारिताको दुई दशकको यात्रामा सुरक्षा निकाय, राजनीतिज्ञलगायत अनेकौं व्यक्तित्वहरूसँग गफगाफ गरेको छु । तर पनि उहाँसँग भेट गर्ने मेरो भित्री इच्छा एक्कासि जागेको थियो । कुनै दिन समयले वार्तालापको समय जुराइदेला भन्नेमा म आशावादी थिएँ । तर त्यो पूरा नहुने निश्चित दैवको नियतिले गरिदियो ।

आज देखिएका मानिस एक छिनपछि सदाका लागि नदेखिन पनि सक्छन् भन्ने कुराले सार्थकता पाएको छ । उहाँको हातबाट म पुरस्कृत भएको २४ घण्टापछि नै दुःखद खबर सुन्नुपर्ने बाध्यता, विवशताले मन निकै विक्षिप्त भएको छ। अझै पनि उहाँको निधनलाई सहजै पत्याउन सकिरहेको छैन । तर सत्य त सत्य नै हो ।

यसै शब्दमालाको माध्यमबाट मनभरि त्यस क्षणलाई सम्झँदै भावपूर्ण श्रदासुमन एवं हार्द्धिक श्रद्धाञ्जलि अर्पण गर्दछु ... । सुमन सर, अलबिदा ... ।

## सप्रउ थपलियाको हृदयघातबाट निधन

प्रस, परवानीपुर, २ भदौ/
पर्साका सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाको ४४ वर्षको अल्पायुमैं निधन भएको छ ।

उपचारको क्रममा शनिवार मध्याह्न साढे १२ बजे निधन भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण पर्साले जनाएको छ । गणका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंहले उनको निधन हृदयघातबाट भएको चिकित्सकलाई उद्धृत गर्दै बताए । शनिवार बिहान ११ बजे गण परिसरमैं सुरक्षाकर्मीलाई ड्युटी खटाउने विषयमा निर्देशन दिइरहेका बेला अचानक अचेत भएर लडेपछि उनलाई उपचारको लागि नेपाल मेडिसिटी वयोधा अस्पताल लगिएको थियो ।

उनको निधनको समाचार सुनेपछि नेपाल प्रहरी मधेस प्रदेशका डिआइजी जनक भट्टराई, सशस्त्र प्रहरीका डिआइजी दीपेन्द्र शाह, पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, बाराका प्रजिअ नवराज सापकोटा, पर्साका प्रहरी उपरीक्षक कोमल शाह, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, उद्योगी अशोक बैद, सामाजिक अभियन्ता जयप्रकाश खेतानलगायतको टोली अस्पताल एवं



स्व सप्रउ थपलिया

गण परिसरमा पुगेर श्रद्धासुमन अर्पण गरेका थिए ।

२०६० सालमा सशस्त्र प्रहरी सेवामा प्रवेश गरेका थपलिया विवाहित हुन् । उनले समाजशास्त्र र सैनिक विज्ञानमा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**धोखा दिनेले जतिसुकै घमण्ड गरे पनि ऊ आत्माबाट पीडित नै हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# अहम्को आकार हो अहङ्कार

अहम्ले जब आकार लिन्छ, त्यसलाई अहङ्कार भनिन्छ । कर्तापनको अभिमान नै अहङ्कार हो । यसले स्वयंलाई ठूलो घोषित गर्दछ । आफू हुनुको अनुभूति राम्रो हो, तर त्यो अनुभूति यस सीमासम्म बढ्नु कि अरू केही अनुभूत नै नहोस्, निश्चितरूपले समस्या उत्पन्न गर्दछ । त्यो हुँदा हामी यो स्वीकार नै गर्न सक्दैनौं कि हामी गलत पनि हुन सक्छौं । अनि त हामी सबै वस्तु, सबै चीजको केन्द्र आफू नै बन्न थाल्छौं ।

आफ्नो अहम्को जरालाई विस्तार हुनबाट रोक्नु सहज हुँदैन । के हामीले कहिले सोचेका छौं कि केही मानिस यति कटु किन हुन्छन्, अथवा विनाकारण हाम्रो जीवनबाट बाहिर किन जान्छन् ? के कहिले यो सोचिएको छ कि पछिल्ला हजारौं वर्षमा जति युद्ध लडिए, ती शुरू किन भए ? केही युद्ध त निकै भयावह थिए । यसमा नमालूम कति जिन्दगी खतम भए र के हामीले कहिले ती तमाम अपराधहरूबारे सोच्यौं, जसले लाखौं मानिसको ज्यान लिइरहेका छन् ?

युद्ध होस् वा अपराध-यी सबै एउटै स्रोतबाट शुरू हुन्छन्, जुन हो अहङ्कार । यसबाट मुक्ति पाउनका लागि सबैभन्दा जरुरी यो बुझ्नु हो कि यो आखिर हो के ? अहङ्कारको अर्थ त्यस भावसँग छ, जसमा हामी हमेशा के मानेर हिंड्छौं भने हामी सही छौं र हामी कहिले गलत हुन सक्दैनौं । यदि हामी यो स्वीकार गर्ने स्थितिमा हुन्छौं कि हामी पनि कहिले गलत हुन सक्छौं भने निश्चितरूपमा हाम्रो जीवनबाट अहङ्कार बिदा हुन्छ र जीवन पनि तुलनात्मक दृष्टिले सुखद बन्छ ।

अहङ्कारले असुरक्षा, भय, घृणा र धारणाको पालनपोषण गर्दछ । हाम्रो लागि जे पनि सही छ, यसले त्यसको विरोध गर्दछ । यो हाम्रो प्रगति पथलाई छेक्ने अँध्यारो हो । यो हामी सबैको व्यक्तित्वमा छ । यो हामीबाट टाढा कहीं जाँदैन । यसबाट मुक्ति पाउने सबैभन्दा राम्रो तरीका यही हो कि हामी स्वयं शान्त रहने कोशिश गरौं । यस्तो गर्नु कैयौं धर्मका मूल तत्त्व पनि मानिएको छ-विशेषरूपले पूर्वीय दर्शनको ।

सबै धर्मको मूल शिक्षणमा निरहङ्कारिताको गुण आत्मसात् गर्ने प्रेरणा दिइएको छ, तर यसका साथ यो पनि सर्वविदित सत्य हो कि यसमा विजय सहज तरीकाले प्राप्त हुन सक्दैन । यसमा विजय प्राप्त गर्नका लागि एउटा यस्तो चुनौतीपूर्ण पथमा हिंड्न स्वीकार गर्नुपर्छ, जसलाई आजको भौतिकवादी युगमा, जहाँ त्वरित लाभलाई प्राथमिकता दिइन्छ, स्वीकार गर्नु सम्भव नै हुँदैन ।

यसैले श्रेयस्कर विकल्प यही हो कि हामी स्वयंलाई सजग र सतर्क राखौं, जसले हामी जान्न सकौं कि अहङ्कारको कारण के हो ? यो सबै ठाउँमा छ । यसको निरन्तर विस्तार भइरहन्छ । यसैका कारण सम्बन्ध टुटेपछि हामी सम्बन्धित व्यक्तिलाई नोक्सान पुऱ्याउन चाहन्छौं । यसैका कारण हामी सडकमा कुनै अर्को गाडीले गर्दा केही अप्ठ्यारो पर्दा, आफ्नो गाडी उसका अगाडि तेर्स्याएर उसलाई दिक्क पार्न थाल्छौं ।

अहङ्कारले गर्दा नै हामी आफ्नो गलती मान्दैनौं । यसैका कारण हामी अरूसँग अनुचित व्यवहार गर्दछौं । यसैले गर्दा आफ्नो विफलता वा अवहेलना हामी कदापि सहन गर्न सक्दैनौं । यसको यो सूची निकै लामो छ । प्रत्येक दिन यस्ता धेरै परिस्थितिको हामी सामना गर्दछौं, जब हामी विभिन्न किसिमबाट आफ्नो अहङ्कारपूर्ण प्रतिक्रिया व्यक्त गर्दछौं । फेरि जब परिस्थिति हाम्रो वशमा हुँदैन वा हाम्रो खिलाफ हुन्छ, हामी तुरुन्त आफूलाई दुर्भाग्यशाली ठान्न थाल्दछौं र यसको दोष अरूमाथि थोपर्न थाल्दछौं; जबकि ती समस्याहरूको मूल कारण अहङ्कार नै हुन्छ ।

**अहङ्कार मानिसको अन्तर्मनमा यस प्रकार कब्जा गरेर बसिदिन्छ कि त्यसलाई अस्वीकार गर्ने साहस सबैले गर्न सक्दैन । यसपछाडि एउटा कारण यो पनि हो कि हामीले कहिले आफ्ना त्रुटिहरू स्वीकार गर्ने भाव स्वयंभित्र जाग्रत हुन दिएका हुन्नौं ।**

यो यस्तो समस्या हो, जसका कारण हाम्रो व्यक्तित्वको पतन हुन्छ र हाम्रो यस कमजोरीको लाभ पनि अरूले नै उठाउँछन् । यदि अहङ्काररूपी यस जटिल समस्याको हामीले सरल समाधान प्राप्त गर्नुछ भने त्यसको सुरुआत, आफ्नो गलती स्वीकार गरेर नै गर्नुपर्छ ।

यस स्वीकार्यताको क्रममा हामीले आफ्नो आत्मग्लानिको सामना पनि किन नगर्नुपरोस्, तब पनि यस मार्गमा हिंड्नु नै एकमात्र उचित उपाय हो । समस्या के छ भने जन्म-जन्मान्तरका बानीहरूले मानिसलाई सरलताले आफ्नो जीवन बदल्ने अवसर नै प्रदान गर्दैनन् ।

अहङ्कार मानिसको अन्तर्मनमा यस प्रकार कब्जा गरेर बसिदिन्छ कि त्यसलाई अस्वीकार गर्ने साहस सबै मानिसले गर्न सक्दैन । यसपछाडि एउटा कारण यो पनि हो कि हामीले कहिले आफ्ना त्रुटिहरू स्वीकार गर्ने भाव स्वयंभित्र जाग्रत हुन दिएका हुन्नौं । जब हामी आफ्ना गलतीहरू स्वीकार गर्ने र प्रायश्चित गर्ने मार्गमा अघि बढ्छौं अनि यो अहङ्कार ठूलो आकार लिएर बाटो छेक्न थाल्छ ।

हामीले सदैव आफ्ना कमीहरूको समीक्षा गरिराख्नुपर्छ र तिनलाई सुधार्न अनवरत प्रयत्न पनि गरिराख्नुपर्छ । यसका साथै हामीले आफूभित्र विवेक उत्पन्न गर्नुपर्छ । विवेकको अर्थ हो-उचित र अनुचितको भेद ।

जब हामी गलत र सहीबीचको सूक्ष्म भेदलाई बुझेर राम्रो काम गर्न थाल्दछौं अनि अहङ्कारमा कमी आउन थाल्दछ र त्यसको श्रेय आफूले नलिएर ईश्वरलाई समर्पित गरिदिंदा कर्तापनको अभाव हुन थाल्छ ।

अहङ्कार नै हाम्रो व्यक्तित्वको पतनको कारण हो र यसको समूल नाश नै हाम्रो जीवनको एकमात्र ध्येय हुनुपर्दछ ।

# सिद्धान्त उदारवादी रवैया अनुदार किन ?

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

आर्थिक विकास र गतिविधिहरूको सरोकारका अर्थ मन्त्रालयको नेतृत्व नेपाली काङ्ग्रेसले लिएको छ । राजनीतिकरूपमा उदारवादी भनिएको नेपाली काङ्ग्रेसले विगतमा अर्थतन्त्रको सुधारमा भूमिका खेलेको थियो । त्यही कारणले पनि अहिले अर्थतन्त्रमा सुधारका अपेक्षा गरिएको थियो । तर यो अपेक्षा अपेक्षामैं सीमित हुने देखिएको छ ।

अर्थमन्त्रीले उपदेश दिनेबाहेक सुधारका आशालाग्दा कुनै पनि कार्यक्रम ल्याउन सेकका छैनन् । बरु विवाद र विरोधका कारण चाहिं बनेका छन् । बहुदलीय व्यवस्थायताका सत्ता गणितलाई मिहीनरूपमा केलाएर हेर्ने हो भने राजनीतिक विचारका आधारमा अरूभन्दा उदारवादी ठानिएको काङ्ग्रेसले अर्थ मन्त्रालयको नेतृत्व गरेको समयमा अपवादबाहेक अर्थतन्त्रका आयामहरू अस्तव्यस्त छन् । यसमा दोष पात्रको होइन, राजनीतिक आचरण र प्रवृत्ति हो । स्मरण गरौं, उदारवादी भनिएको काङ्ग्रेसको मूल नेतृत्वको आचरणमा तीन दशकअघि र अहिले देखिएको बदलाव कस्तो छ ? मुख्य नेतृत्वको छविले मातहतलाई प्रभावित पारेकै हुन्छ ।

हुनत हामीकहाँ पदमा पुग्नेबित्तिकै म मात्र जान्ने, मबाहेक अरू सबै अज्ञानी ठान्ने विचित्रको मनोग्रन्थिले जरा गाडेको देखिन्छ । त्यसैले प्रधानमन्त्रीदेखि मन्त्रीहरू तथ्यलाई तोडमोड गरेर सफलता देखाउन तल्लीन देखिन्छन् । तथ्यलाई बङ्ग्याएर आत्मरतिमा रमाउने प्रवृत्ति नै खतरनाक छ । अहिलेको मुख्य सरोकार भनेको कोरोना महामारीयता देखिएको आर्थिक मन्दीलाई कसरी सामना गर्ने भन्नेमा केन्द्रित हुनुपर्ने हो । तर सरकार र तिनका संयन्त्रको ध्यान भने कसरी यो अप्ठेरोलाई अनधिकृत आर्थिक उपार्जनको माध्यम बनाउन सकिन्छ भन्नेमा केन्द्रित भएको बुझ्न धेरै माथापच्चीको खाँचो पर्दैन ।

अहिले गफ गरेर समय खेर फाल्ने बेला होइन । अर्थतन्त्र दुर्घटनाको डिलमा पुगेको अवस्थामा अर्ती बाँड्ने र असम्भव आदेश फर्माउने होइन, रणनीतिक योजना र त्यसको प्रभावकारी कार्यान्वयन मुख्य कुरा हो । कोरोना महामारीयताको अर्थव्यवस्था अत्यन्तै कमजोर धरातलमा चलेको कुरा नयाँ होइन । विश्वका बलिया भनिएका अर्थतन्त्रसमेत धर्मराएको बेला हामीजस्तो आयमा आधारित आपूर्ति र सरकारी आयको आलोकमा उभिएर कस्तो गतिमा अघि बढ्न सकिएला ? अनुमान त्यति असहज छैन ।

अहिले अर्थतन्त्र कठिन अवस्थामा छ । बजारमा माग छैन । आयात घटेको छ । निर्यात व्यापारका आयामहरू खुम्चिएका छन् । आन्तरिक उत्पादन एक चौथाइमा झरिसक्यो । राजस्व आधामा सीमित भइसकेको छ । सरकार कर्मचारीलाई तलब खुलाउन ऋण लिने अवस्थामा पुगिसक्यो । तर अर्थतन्त्रका सूचकमा सुधार आएको भ्रम छर्न भने छोडिएको छैन ।

दैनिक तीन हजार युवा विदेशिएका समाचारले सरकारमा बस्नेहरूको मन पोल्दैन । स्वदेशमा अवसर नदेखेर युवाहरू विदेश जानु भनेको सरकारको असफलता हो । तर सत्तामा बस्नेहरू यसरी विदेशिएका युवाले पठाएको डलर गनेर अर्थतन्त्र सुधारिएको गफ दिइराखेका भेटिन्छन् । त्यो आँकडा देखाएर विदेशी मुद्रा सञ्चितिमा सुधारका कुरा गर्छन् । तर तथ्य त्यस्तो छैन । बजारमा माग नै नभएपछि उत्पादन र आयात दुवै कम हुने भयो । अधिकांश आपूर्ति आयातमा आधारित छ । उत्पादनमा पनि कच्चा पदार्थ बहिरबाटै आउने हो । जब माग नै ओरालो लागेको छ भने त्यसका लागि बाहिरिने रकम त बचत देखि नै भयो । सरकार यसलाई विदेशी विनिमय सञ्चितिमा सुधारको भ्रम फिजाइराखेको छ । कोरोना महामारीयताको चार वर्षमा स्वाभाविकरूपमा बढ्नुपर्ने बजार त परको कुरा कोरोनाअघिको अवस्थामा आयात पुग्यो भने पनि त्यसलाई यो सञ्चितिले कति दिन थेग्न सक्छ ? यो सही तथ्याङ्क हुनेछ । त्यसमाथि आयातमा अनेक प्रकारले लगाइएका प्रतिबन्धको असर त बेग्लै छ ।

वित्तीय प्रणालीमा तरलता फालाफाल भएका कुरा छन् । तर नयाँ लगानी किन भइराखेको छैन ? नयाँ लगानीको वातावरण नै छैन । पुरानो उद्यममा हुने लगानीलाई चालू पूँजीकर्जा मार्गदर्शकले रोक लगाइदिएको छ । यस्तोमा बैंकमा पैसा नथुप्रिएर कहाँ जान्छ । यसलाई सरकारले सूचक सुधारको आधार बताइरहेको देखिन्छ । सरकारले बजारको मनोबल बढाउन सकेको छैन । अर्थतन्त्रमा सुधार ल्याउन मनोबल बढाउनु अनिवार्य छ । त्यसको वातावरण सरकारले लिने नीतिगत व्यवस्था हो । हामीकहाँ त सरकारकै अकर्मण्यता यसमा अवरोध बनेको जगजाहेर विषय हो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछिको सत्ता राजनीतिको हिसाब हेर्ने हो भने सबैभन्दा बढी सत्तामा बस्ने दल नेपाली काङ्ग्रेस नै देखिन्छ । समकालीन राजनीतिमा आर्थिक उदारीकरण भित्र्याउने जस नेपाली काङ्ग्रेसलाई जान्छ । भलै यसका कटु अनुभव नभएका होइनन्, तर त्यसयताको करीब एक दशक औद्योगिकीकरण र बाह्य लगानीका दृष्टिले महत्त्वपूर्ण रह्यो ।

बहुदलीय व्यवस्थाको बहालीलगत्तै अपनाइएको आर्थिक उदारीकरण काङ्ग्रेसको आफ्नो दृष्टिकोण थियो कि वैश्विक अर्थराजनीतिमा आएको परिवर्तनको पदचाप ? यो आज पनि बहसको अलग विषय हो । कारण जे होओस्, छिमेकी भारत बिस्तारै उदारीकणतर्फ अघि बढिरहेको र अन्य विश्वसमेत यही बाटोमा अग्रसर भइरहेको अवस्थामा भारतको साथ समर्थनमा आएको बहुदल समर्थक मुख्य दल काङ्ग्रेसले यसलाई पछ्याउनुको विकल्प पनि थिएन ।

प्रकारान्तरले अन्य राजनीतिक दलहरूका तुलनामा उदारवादी राजनीतिक विचार बोक्ने दलको रूपमा विश्वास गरिएको दलका नेताहरूको पछिल्लो चरित्र भने अनुदाररूपमा प्रकट भएका छन् । बरु राजनीतिक विचारका हिसाबले सम्पत्तिको स्वतन्त्रता र अर्थतन्त्रमा निजी क्षेत्रको सक्रियताप्रति अनुदार ठानिएको राजनीति तुलनात्मक उदार पो हो कि भन्ने भान हुन थालेको छ । यस्तो किन भइरहेको छ ? र, यसले अर्थतन्त्रको गतिलाई कतातिर डोऱ्याउने हो ? यो अन्योल र चिन्ता मात्र होइन, चिन्तनको सरोकार हो ।

नेपाली काङ्ग्रेसको सुरुआतदेखि वर्तमानसम्मको आर्थिक विकासको दृष्टिकोण उदार भएपनि (२०४६ पछि अपनाइएको आर्थिक उदारीकरणका सुरुआती केही वर्षलाई अपवाद मान्ने हो भने त्यसको कार्यान्वयनमा पर्याप्तै विरोधाभासहरू देख्न सकिन्छन् । सत्तामा सबैभन्दा बढी बस्नुका कारण त्यसको जस अपजसको बढी भागीदार पनि काङ्ग्रेस नै हुनुपर्छ । आर्थिक विकास र त्यसमा निजी क्षेत्रको सहभागिता बढी अर्थ मन्त्रालयसँग जोडिन्छ । अर्थ मन्त्रालयका नीति र कार्यक्रमहरूले देशको आर्थिक विकासलाई दिशा निर्देश गरिराखेको हुन्छ । अतः यस्तो मन्त्रालयमा सक्षम र दूरदर्शी नेतृत्वको अपेक्षा अस्वाभाविक होइन ।

**मतदाताले नेताको व्यक्तित्व र क्षमतालाई होइन, उसको पैसा र चुनावमा दुई/चार दिन पाइने आर्थिक सुविधालाई हेर्ने गरेको छ । अनि पैसा खर्च गरेर चुनाव जित्ने नेताले कसको लागि काम गर्ला ? स्वाभाविकरूपमा जनताका आशा र अपेक्षा प्राथमिकतामा पर्दैनन् ।**

२०४६ सालको राजनीतिक परिवर्तनसँगै आर्थिक विकासका सवालमा काङ्ग्रेसले केही राम्रा काम गरेको हो । त्यसको पछाडि भर्खरै राजनीतिक परिवर्तनको रापताप र थोरै भएपनि नेतृत्वमा कायम रहेको इमानदारी मुख्य कुरा थियो । त्यति सत्ता राजनीतिमा अहिलेको जस्तो नीतिलाई तिलाञ्जलि दिने विकृति संस्थागत भएको थिएन । सत्ताकै लागि राजनीतिक विचारका आधारमा चारतिर फर्किएका दलहरूले अहिले जसरी घाँटी जोड्ने संस्कृति संस्थागत भएको थिएन । राजनीति नीतिप्रधान थियो । अहिले राजनीतिबाट नीति हराइसकेको छ । जसरी भएपनि राज गर्ने मनोवृत्तिले राजनीति चलाएको छ । यसो भएपछि सरकारमा बस्नेहरूको ध्येय अर्थ-सामाजिक विकासभन्दा पनि वैयक्तिक लाभहानिमा केन्द्रित हुने भयो ।

बहुदलीय व्यवस्थाका तीन दशकमा राजनीतिक र सामाजिक संस्कारमा अनेक असङ्गतिले प्रवेश पाए । पहिला राजनीति विचारका आधारमा हुन्थ्यो । राजनीतिको अन्तरदलीयदेखि विपक्षीसँग चुनावी प्रतिस्पर्धामा दलीय विचार र निष्ठा प्रधान हुन्थ्यो । अहिलेको चुनावी प्रतिस्पर्धाको परिदृश्य स्मरण गरौं त, पैसाको चलखेलबाहेक केही लाग्दैन । टिकट लिनेदेखि प्रतिद्वन्द्वी हराउनेसम्ममा पैसाको भूमिका मुख्य हुन्छ । नेताको राजनीतिक लगानी, त्याग, निष्ठा र विचार होइन, उसले चुनावमा गर्न सक्ने खर्च क्षमता निर्णायक हुन्छ । मतदाताले नेताको व्यक्तित्व र क्षमतालाई होइन, उसको पैसा र चुनावमा दुई/चार दिन पाइने आर्थिक सुविधालाई हेर्ने गरेको छ । अनि पैसा खर्च गरेर चुनाव जित्ने नेताले कसको लागि काम गर्ला ? स्वाभाविकरूपमा जनताका आशा र अपेक्षा प्राथमिकतामा पर्दैनन् ।

# गोर्खा वारियरमा हाम्रो कथा देखाइएको छ -प्रधानसेनापति शर्मा

काठमाडौं, २ भदौ/रासस

शुक्रवार बेलुकी आयोजित चलचित्र 'गोर्खा वारियर'को विशेष प्रदर्शनी हेरेपछि नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले चलचित्रमार्फत गोर्खालीको वीरता प्रस्तुत भएको प्रतिक्रिया दिए । उनी श्रीमती तथा सैनिक श्रीमती सङ्घकी अध्यक्ष सुनीता शर्मासँग विशेष प्रदर्शनीमा पुगेका थिए ।

"चलचित्रबारे जति सुनेको थिएँ, त्यति नै राम्रो पाएँ । जङ्गलको परिवेशलाई खिच्न निकै मुश्किल हुन्छ । यसको पहिलो दर्शक बन्न पाउँदा खुशी छु," प्रधानसेनापति शर्माले भने, "यो चलचित्र उत्कृष्ट बनेको छ ।"

उनले यस्ता चलचित्रमार्फत वीरताको कथालाई आगामी दिनमा समेत प्रस्तुत गर्न निर्माता तथा निर्देशक मिलन चाम्सलगायतका निर्माण समूहलाई आग्रह गरे । चलचित्र हेरेपछि सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले पर्दामा राम्रो कथा हेर्न पाएको प्रतिक्रिया दिए । उनले भने, "गाउँ आउँदा लाहुरेलाई चिटिक्क देख्नेले उनीहरूको जीवनसँग नजीक हुन पाउनेछन् । यसले उनीहरूको वीरतासँगै परिवारको कथासमेत भनेको छ । स्वदेश मात्र नभई विदेशीले पनि यो कथालाई उत्तिकै रुचाउनेमा विश्वस्त छु ।" उनले प्राविधिकरूपमा चलचित्र निकै अब्बल बनेको प्रतिक्रिया दिंदै सम्पूर्ण निर्माण समूहलाई बधाईसमेत दिए । निर्देशक चाम्सले पाएको प्रतिक्रियाले आफूलाई ऊर्जा थपेको बताए ।

"म आफैं पूर्वगोर्खा सैनिक भएकोले यसलाई एक दशकको मेहनतमा बनाएको हुँ । यस्ता चलचित्र पैसाभन्दा पनि चाहनाले बन्छ । अब हामीले हाम्रो कथा भन्न शुरू गर्नुपर्छ भनेर सुरुआत गरें," निर्देशक चाम्सले भने, "मलाई नेपाली आर्मीको वीरताको कथा पनि पर्दामा ल्याउन मन छ । हाम्रो वीरतासँग विश्वसँगै अहिलेको पुस्तालाई चलचित्रको माध्यमले परिचित गराउनु आवश्यक छ ।"

गोर्खालीको वीरतालाई यही भदौ २४ मा बेलायतको प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा विशेष प्रदर्शनी गर्न लागिएको उनले जानकारी दिए । उनले भने, "हलिउड र बलिउडका चलचित्र प्रिमियर हुने स्थानमा रातो कार्पेटमा नेपाली कलाकारलाई हिंडाएर विदेश प्रदर्शनको आरम्भ गर्दैछौं । जहाँ बेलायती सेनाको 'द ब्यान्ड अफ द ब्रिगेड अफ गुर्खाज'




ले प्रस्तुति दिनेछन् । यस्ता गतिविधिले हाम्रो चलचित्र र हाम्रो कथालाई विश्वसामु पुऱ्याउन मदत गर्नेछ ।"

सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथामा बनेको 'गोर्खा वारियर'को आयोजित विशेष प्रदर्शनीमा नेपाली सेनाका उच्चपदस्थ व्यक्तित्वसँगै सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक दुर्जकुमार राई, निर्माता सुमन राई, लेखक तथा सहायक निर्देशक गिरिराज घिमिरे, सम्पादक मिलन श्रेष्ठ, छायाङ्कन निर्देशक सुदीप बराल, द्वन्द्व निर्देशक हिमाल केसी, सञ्चारकर्मी नरेश भट्टराईलगायत सहभागी थिए ।

नेपाली, अङ्ग्रेजी र हिन्दी भाषामा प्रदर्शन गर्ने तयारी रहेको चलचित्रमा रितेश चाम्स, विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, विरूप घले, सारा राईलगायतका कलाकारले अभिनय गरेका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ‘हाम्रो लक्ष्य पुटिनको हार नभई अमेरिकाको जीत होस्’

वाशिङ्टन डिसी, २ भदौ/एएनआई

अन्य अमेरिकी नेताहरूभन्दा एकदम फरक विचारका साथ भारतीय मूलका




अमेरिकी सांसद विवेक रामास्वामी ।

अमेरिकी सांसद विवेक रामास्वामीले रूस–युक्रेन द्वन्द्व मस्कोलाई डोनबास क्षेत्र र कीभलाई नाटोमा सामेल नगर्ने शर्तमा अन्त्य गर्न सकिने बताएका छन् ।

केबल न्यूज नेटवर्कसँगको कुराकानीमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले द्वन्द्व अन्त्य गर्न चीनसँगको आफ्नो सैन्य गठबन्धन छोड्नुपर्ने तर्क गर्दै सांसद रामास्वामीले रूस–चीन सैन्य गठबन्धन अमेरिकाको लागि सबैभन्दा ठूलो खतरा भएको बताए ।

अमेरिकी आगामी राष्ट्रपतीय चुनावमा रिपब्लिकन प्राइमरीमा डोनाल्ड ट्रम्पविरुद्ध लड्ने तयारीमा रहेका उनले आफू राष्ट्रपति निर्वाचित भएपछि मस्को भ्रमण गर्ने बताउँदै चिनियाँ राष्ट्रपति सी जिनपिङको साथ छाड्न रूसी राष्ट्रपतिलाई मनाउनुपर्नेमा जोड दिए ।

युक्रेनसँगको अमेरिकी संलग्नताले रूसलाई ‘चिनियाँ हतियार’तर्फ धकेलिरहेको बताउँदै उनले पुटिन आधुनिक चीनका निर्माता माओत्से तुङजस्तै भएकाले उनलाई चीनसँगको सैन्य गठबन्धनबाट बाहिर निकाल्न अपरिहार्य भएको बताए । “हामीले पुटिन पनि नहारून्, हाम्रो पनि पराजय नहोस्” भन्ने हिसाबले अमेरिकाले काम गर्नुपर्ने उनले बताए । रासस

## रूससँग वार्ता गर्न पश्चिम अनिच्छुक –रूसी विदेशमन्त्री

मस्को, २ भदौ/सिन्हवा

रूसका विदेशमन्त्री सर्गेई लाभरोभले युक्रेन मुद्दामा मस्कोसँग वार्ता गर्न पश्चिमी राष्ट्रहरू इच्छुक नभएको बताएका छन् ।

रूसलाई निमन्त्रण नगरी जेद्दा र कोपेनहेगनमा युक्रेनको विषयमा पश्चिमी राष्ट्रले बहुपक्षीय बैठक गरेका छन् । विदेशमन्त्री लाभरोभले अन्तर्राष्ट्रिय मामिला पत्रिकासँगको शनिवारको अन्तर्वार्तामा भनेका छन् ।

सो छलफल युक्रेनी राष्ट्रपतिको शान्ति योजनालाई समर्थन गर्ने वातावरण निर्माण गर्न आयोजना गरिएको भनिएको छ तर रूसको बुझाइ र चाहनालाई भने पूर्णरूपमा अस्वीकार गरिएको छ । रूस सधैं फलदायी वार्ताको लागि तयार रहेको बताउँदै पूर्वी युक्रेनमा द्वन्द्व समाधान गर्ने उद्देश्यले कीभलाई मिन्स्क सम्झौता कार्यान्वयन गराउन वर्षौंदेखि प्रयास गरेको विदेशमन्त्रीको दाबी छ ।

विशेष सैन्य कारबाहीको पहिलो दिनदेखि नै वार्ता शुरू गर्ने युक्रेनको प्रस्तावमा रूसले प्रतिक्रिया दिएको थियो तर सन् २०२२ मा पश्चिमी दबाबमा युक्रेनले वार्ता रोकेको उनको टिप्पणी छ ।

त्यसपछि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रूसी नेतृत्वसँग कुनै पनि प्रकारको वार्ता गर्न निषेध गरेको लाभरोभको आरोप छ । पश्चिमी प्रायोजकले लगातार युक्रेनलाई बिग्रँदो स्थिति थप भयावह बनाउन दबाब दिएका छन् । अहिले युक्रेनमा रूस र पश्चिमबीच वार्ताको कुनै सम्भावना



रूसका विदेशमन्त्री सर्गेई लाभरोभ ।

नदेखिएको पनि विदेशमन्त्रीको बुझाइ छ ।

पश्चिमी राष्ट्रको वार्ताको आह्वान थकित युक्रेनी सेनालाई विश्राम दिलाउन र समय घर्काउन खेलिएको रणनीतिक चालको रूपमा मात्र रूसले बुझेको पनि मन्त्री लाभरोभले उल्लेख गरेका छन् । रासस

## चार करोडको प्रतिबन्धित औषधि बरामद

करिमगंज (आसाम), २ भदौ/एएनआई

आसाम प्रहरीले रु चार करोडभन्दा




बढीको ६१ हजार बोतल प्रतिबन्धित खोकीको औषधि बरामद गरेको छ ।

आसाम–त्रिपुरा सीमामा रहेको आसामको करिमगंज जिल्लाको चुराईबारी क्षेत्रमा एउटा ट्रकबाट उक्त परिमाणको प्रतिबन्धित औषधि बरामद गरिएको प्रहरीले जनाएको छ । ट्रकका चालक विश्वजीत विश्वासलाई पनि नियन्त्रणमा लिइएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

गोप्य सूचनाको आधारमा प्रहरीले चुराईबारी क्षेत्रमा ट्रकलाई रोकेर खानतलाश गरेको थियो । “लागूऔषध विरुद्धको हाम्रो अभियान जारी छ । हिजो राति हामीले एउटा ट्रकलाई रोक्यौं, त्यहाँबाट हामीले प्रतिबन्धित ‘कफ सिरप’का ६१ हजार बोतल बरामद गरेका छौं,” अभियुक्तविरुद्ध प्रारम्भिक कानूनी कारबाही थालिएको जानकारी दिँदै करिमगंज जिल्लाका अतिरिक्त प्रहरी उपरीक्षक प्रताप दासले भनेका छन् ।

यसअघि पनि करिमगंज जिल्लामा खोकीको प्रतिबन्धित सिरपका ३१ हजार बोतल जफत गरिएको थियो । रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## सोनलद्वारा योग भवन उद्घाटन

प्रस, परवानीपुर, २ भदौ/

बाराको प्रसौनीमा निर्मित योग भवनको पूर्वमन्त्री जीतेन्द्र सोनलले उद्घाटन गरेका छन् ।




प्रसौनी गाउँपालिका–३ मा निर्मित पतञ्जलि योग भवनको शनिवार एक कार्यक्रमका बीच मधेस प्रदेशका पूर्वमन्त्री सोनलले उद्घाटन गरेका हुन् । प्रदेशसभा सदस्य सोनलको संसदीय विकास कोषको ३० लाख रुपैयाँको लागतमा निर्मित भवनको उद्घाटन गर्दै उनले वैदिक दर्शनको आधारमा योग सञ्चालन गरी सभ्य, सुसंस्कृत समाजको निर्माण गर्नु आजको आवश्यकता रहेको बताए ।

योगले मानवलाई मानसिक र शारीरिकरूपमा मात्र नभई आध्यात्मिकरूपमा समेत स्वस्थ राख्नुका साथै सकारात्मक चिन्तनको विकास गर्ने उनको भनाइ थियो । भवन निर्माणले नियमित योग गर्नेहरूलाई सहजता हुने विश्वास व्यक्त गर्दै उनले भविष्यमा भवनमा थप सुविधाहरू बढाउनेतर्फ पहल गर्ने प्रतिबद्धता गरे ।

पतञ्जलि योग समितिका अध्यक्ष वीरेन्द्र साहको सभापतित्वमा भएको कार्यक्रममा मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्य, अधिवक्ता रामचन्द्र सिंह, प्रसौनी गापाका प्रमुख विनोद पटेल,पतञ्जलि योग समितिका पदाधिकारीलगायत स्थानीयहरूको सहभागिता थियो ।

## पर्सागढीमा सार्वजनिक सुनवाइ

प्रस, पर्सागढी, २ भदौ/

पर्सागढी नगरपालिका–३ स्थित जनता माध्यमिक विद्यालय पकडिया बडनिहारको आयोजना तथा इभेन्ट–११ बुद्धनगर काठमाडौंको सहयोगमा परियोजना दोस्रोको तेस्रो बजेट कार्ययोजना शीर्षक खर्चसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम शनिवार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा अनुदान बजेटको प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रगति प्रतिवेदनमा माछा पाल्ने पोली पोखरी निर्माण, दही मथ्ने मेशिन खरीद, ससाना मर्मत तथा निर्माण, शैक्षिक सुधार प्रशिक्षण, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनतर्फ कार्यमा खर्च गरिएको प्रगति प्रतिवेदन प्राविधिक शिक्षालय पकडिया बडनिहारका संयोजक तपेश्वरप्रसाद यादवले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य श्रवणप्रसाद, वीरेन्द्र माझी, राजकुमार महतो, जानकी देवी, वडाध्यक्ष सुकमान तामाङ, सदस्य रामजीवन खाँ, सर्बत चौधरी, नगरपालिका बोर्ड प्रतिनिधि सीता लामा, प्रअ मोहनप्रसाद चौधरी, समाजसेवी अशोक बुर्लाकोटी, नकुल बानियाँलगायतको सहभागिता थियो ।

कार्यक्रममा स्वागत आमोदेवी जनता क्याम्पसका प्रमुख नागेश्वर मुखियाले गरेका थिए भने सहजीकरण शिक्षक डिलीराम आचार्यले गरेका थिए ।

## पुल नबन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य

गोलबजार (सिराहा), २ भदौ/रासस

पूर्व–पश्चिम हुलाकी राजमार्ग अन्तर्गत सिराहा र सप्तरी खण्डमा निर्माणाधीन पुलको निर्माण कार्य लामो समयदेखि अलपत्र पर्दा यात्रुहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

सो खण्डका अधिकांश भागमा कालोपत्रको काम सकिए पनि निर्माणाधीन आधा दर्जन पुलको निर्माण कार्य लामो समयसम्म सम्पन्न हुन नसक्दा यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन् ।

निर्माण गर्ने ठेक्का पाएका कम्पनी/व्यवसायीको ढिलासुस्तीका कारण अधिकांश पुल समयमा निर्माण सम्पन्न नहुँदा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको स्थानीयले बताएका छन् ।

सिराहाको औरही गाउँपालिका–५ स्थित गागन खोलामा पुल निर्माणको काम शुरू भएको तीन वर्षसम्म करीब ७० प्रतिशत मात्र काम भएको छ । “तीन वर्षभित्र निर्माण कार्य सक्ने भनी विसं २०७६ मैं सो पुलको सम्झौता भएको हो,” हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी इन्जिनीयर बेचनकुमार भण्डारीले भने, “तर पुल निर्माणको समयावधि सकिसक्दा तीन वर्षमा भौतिक प्रगति ७० प्रतिशत मात्र भएको छ ।” सम्झौता अवधि सकिएकोले पुनः म्याद थपका लागि निर्माण कम्पनीले कार्यालयमा निवेदन दिएको उनले बताए ।

पूर्वमा बलान खोलादेखि पश्चिम सदरमुकाम सिराहा बजारसम्मको सडकमा कालोपत्र सकिएको छ । गागन खोलामा पुल निर्माण हुन नसक्दा सिराहाका एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । हीराचन/रोशन कन्स्ट्रक्सन प्रालिमार्फत रोशन कन्स्ट्रक्सनले सो खोलाको पुल निर्माणको काम गर्दै आएको छ ।

हुलाकी सडक सिराहा खण्डको बलान नदीदेखि कमलासम्मको करीब २९ दशमलव ८८ किलोमिटरमा सडक कालोपत्र भइसके पनि गागन खोलामा समयमा पुल नबन्दा सडकमा सहजरूपमा यातायातका साधन सञ्चालन हुन नसकेको सूचना अधिकारी भण्डारीले बताए ।

गागन खोलाको पुल नबन्दा अहिले भगवानपुरबाट सिराहाका लागि जाने बसलगायतका ठूला सार्वजनिक यातायातका साधन लहान बजार हुँदै जानुपर्ने बाध्यता रहेको बसका चालक सुभाष साहले बताए ।

“सडकमा कालोपत्र भइसक्यो, गाडी गुडाउन पनि त्यो बाटो सहज छ,” चालक साहले भने, “गागन खोलामा पुल बन्यो भने भगवानपुरबाट मुश्किलले आधा घण्टादेखि ४५ मिनेटमा सिराहा पुग्छौं ।” गागन खोलाको पुल नबन्दा अहिले पूर्व–पश्चिम राजमार्ग अन्तर्गत लहान बजार हुँदै डेढ/दुई घण्टाको बाटो तय गरेर सिराहा पुग्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

यसैगरी, सप्तरी खण्डमा निर्माण कम्पनीले पुल निर्माणको कार्य (फिनिसिङ) अन्तिम चरणमा अलपत्र अवस्थामा छाडेको छ । कञ्चनपुरदेखि बलान नदीसम्म ३२ किमीमध्ये राजविराजदेखि पश्चिम बलान नदीसम्मको २५ किमी सडकमा कालोपत्र सकिएको करीब एक वर्षभन्दा बढी समय भइसक्दा पनि पुल निर्माणको जिम्मा पाएको कम्पनीले समयमा पुलको काम सम्पन्न नगर्दा सवारीसाधन चलाउन सास्ती भइरहेको स्थानीयको गुनासो छ ।

“सप्तरी खण्डमा निर्माणाधीन पाँचवटा पुलको निर्माण काम करीबकरीब अन्तिम चरणमा पुगेको छ,” हुलाकी सडक निर्देशनालय आयोजना कार्यालय इटहरी सुनसरीका प्रमुख विजयकुमार थापाले भने, “सबै पुल करीबकरीब तयार भइसकेका छन्, थोरै काम मात्र बाँकी छ ।” पुलको दुवैतिर सय/सय मिटरको भागमा ग्राभेल बिछ्याएर कालोपत्र गर्नुपर्नेमा त्यो हुन नसकेकोले वर्षा भएपछि सडक हिलाम्मे हुने गरेको प्रमुख थापाको भनाइ छ ।

पुलको दायाँबायाँ दुवैतिर ग्राभेल माटो नहाल्दा हिउँदमा धूलाम्य र वर्षामा हिलाम्मे हुने गरेको छ । ठेकेदार कम्पनीको लापरवाहीले सर्वसाधारण सास्ती खेप्न बाध्य छन् । अहिले पश्चिम सप्तरीको भारतीय बजार लौकहासँग जोडिएको बेल्ही गाउँबाट दैनिक तीनवटा सार्वजनिक बस राजविराजको लागि चले पनि ठाउँठाउँमा पुलनजीक हिलाम्य सडकमा गाडी अडकिएर समस्या हुने गरेको बताइएको छ ।

मुतनी नदीको पुल अरनिको/लामा/बाग्मती जेभी काठमाडौंले २०७२ असार २५ मा सम्झौता गरी २०७४ असार २४ मा निर्माण काम पूरा गर्नुपर्ने भएपनि २०८० सम्ममा पनि पुल निर्माण हुन सकेको छैन ।

अहिलेसम्म पुल निर्माण कार्यले पूर्णता नपाएकाले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भइरहेको सप्तरीको बलान बिहुल गाउँपालिका–४ का रामशङ्कर भण्डारीले बताए । समयमा पुल निर्माण नहुनुमा निर्माण कम्पनीसँगै हुलाकी सडक योजना कार्यालय इटहरीको उदासीनता पनि मुख्य कारण रहेको उनको भनाइ थियो ।

सडक कालोपत्र भएपनि पुलमा देखिएको सामान्य समस्या अड्काएर ठेकेदार कम्पनीले लापरवाही गरेको बोदे बर्साइन नगरपालिका–५ का बृजेशकुमार यादवले बताए । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, इटहरीका सबइन्जिनीयर अमोदकुमार भगतका अनुसार राजविराजदेखि पश्चिममा पर्ने मुतनी, पम्प केनाल, कजरा दहलगायत पुलको ठेक्का म्याद सकिसकेकाले निर्माण कम्पनीले पुनः म्याद थपका लागि कार्यालयमा निवेदन दिएको जानकारी दिए ।

कार्यालय र निर्माण कम्पनी प्रतिनिधिबीच भएको बैठकमा आउँदो दशैंभित्र पूर्णरूपले पुल तथा पुलनजीक सडक कालोपत्र गर्ने सहमति भएको हुलाकी सडक निर्देशनालय योजना कार्यालय, इटहरीका सूचना अधिकारी प्रमोद खतिवडाले बताए । यसबाहेक हुलाकी सडकमा पर्ने सप्तरीको बोदे बर्साइन–३ कुसमहार चोक र वडा नं ६ का प्रितमपर कटहा नदीको पुलमा पनि कालोपत्र हुन सकेको छैन ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# वीरगंजबाटै डिजेलको बिलिङ शुरू

प्रस, वीरगंज, २ भदौ/

नेपाल आयल निगमले वीरगंजबाट पेट्रोलियम पदार्थको बिक्री वितरण कार्य पुनः सञ्चालनमा ल्याएको छ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै मन्त्री रिजाल। तस्वीरः प्रतीक

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले शनिवार वीरगंजबाट बिलिङ सेवा शुभारम्भ गरेका हुन्। उनले अब नेपाल आयल निगमको वीरगंज शाखाबाट अढाई वर्ष पहिलेदेखि बन्द भएको सेवा पुनः शुभारम्भ भएकोमा खुशी व्यक्त गरे। वीरगंज आसपासका पेट्रोलियम विक्रेतालाई वीरगंजबाट सेवा लिन सहज भएको उनले बताए। हाल वीरगंजबाट डिजेल र मटीतेल खरीद गर्न सकिन्छ। यसअघि पर्सा–बाराका पेट्रोलियम व्यवसायीले बाराको अमलेखगंज डिपोबाट पेट्रोलियम पदार्थ खरीदको लागि बिलिङ गर्नुपर्ने बाध्यता थियो। २०७७ माघ दोस्रो सातादेखि अमलेखगंजमा बिलिङ गर्नुपर्ने व्यवस्था लागू भएपछि यस भेगका व्यवसायीहरू मर्कामा परेका वीरगंज पेट्रोलियम डिलर्स एशोसिएशनका अध्यक्ष विनोद चौरसियाले बताए। उनले अब डिजेल र पेट्रोल पर्सा–बारामा ७५ पैसा कममा बिक्री वितरण हुने बताए।

नेपाली काङ्ग्रेस, पर्साका सभापति तथा मधेस प्रदेशसभाका सदस्य जनार्दन सिंह क्षत्रीले नेपाल आयल निगमद्वारा वीरगंज शाखाबाट बिलिङ गर्ने कार्य शुरू भएकोमा प्रशंसा गरे। यसले यस भेगका व्यवसायीले छिटोछरितोरूपमा सुविधा लिन सक्ने बताए। कार्यक्रममा आपूर्ति मन्त्रालयकी सहसचिव राधिका अर्याल, नेपाल आयाल निगमका महाप्रबन्धक उमेश थानी, उपमहाप्रबन्धकद्वय वीरेन्द्र गोइत र नागेन्द्र साह, अमलेखगंज डिपो प्रमुख विनीतमणि उपाध्याय, नेपाल आयाल निगम, वीरगंज शाखाका प्रमुख मनोज साह, पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष मनोज दास, नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनका महासचिव विश्व अर्याललगायतको सहभागिता थियो।

# विधेयकले मिटरब्याजीलाई फाइदा –पटेल

प्रस, सेढवा, २ भदौ/

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, पर्सा र लघु वित्तीय संस्थाविरुद्ध सङ्घर्ष समिति, पर्साको संयुक्त आयोजनामा जीराभवानी गाउँपालिकामा शनिवार विरोध कार्यक्रम सम्पन्न भएको छ। जीराभवानी मन्दिरमा आयोजित कार्यक्रममा समितिका केन्द्रीय सदस्य वीरशमशेर पटेलले सरकारले ल्याएको अनुचित लेनदेनसम्बन्धीको विधेयकले मिटरब्याजी साहुलाई ऋण उठाउन सहज भएको बताए। पीडित ऋणीलाई उकास्न ल्याएको यस विधेयकबाट ऋणीभन्दा साहुलाई लाभ हुने उनले बताए। अधिकांश ऋणी गाउँका सोझासाझा तथा अनपढ भएकाले जिल्ला प्रशासन कार्यालयमा भाषा बुझ्न कठिनाइ भएको तथा साहुहरूको हाकिमहरूसँग चिनजान भएकाले साहुकै हकमा बढी मिलापत्र भइरहेको पटेलले आरोप लगाए।


विरोधसभामा सहभागी महिलाहरू। तस्वीरः प्रतीक

मिटरब्याजीकै रूपमा लघु वित्तीय संस्थाहरूले साङ्गठनिकरूपमा गरीब किसानहरूलाई पीडित बनाएको सदस्य पटेलले बताए। सरकारले गरीबी न्यूनीकरण गर्ने उद्देश्यले लघु वित्तीय संस्था सञ्चालन गर्न दिएको तर यी संस्थाहरूले आम नागरिकलाई ऋणको दलदलमा फसाएको उनले आरोप लगाए।

सञ्चालनमा रहेका करीब १४३ वटा लघु वित्तीय संस्थाका कर्मचारीहरूले ऋणको किस्ता उठाउन दबाब दिएका कारण सयौं महिलाले आत्महत्या गरेका बारा समितिका अध्यक्ष ललित चौधरीले बताए। महिला दिदीबहिनीहरूलाई किस्ता तिर्न देह व्यापारमा लाग्न दबाब दिनुका साथै गहना खोस्ने, गाईभैंसी नियन्त्रणमा लिने जस्ता अनैतिक क्रियाकलाप भइरहेका चौधरीको आरोप थियो। पीडित ऋणीहरूमध्ये कतिपय परिवार किस्ता तिर्न नसकेर घर छाडेर अन्यत्र विस्थापित हुनुपरेकाले संस्थाको विरुद्धमा एकजुट भएर आन्दोलन गर्नुपर्ने उनले बताए।

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, पर्साका अध्यक्ष शिवशङ्करप्रसाद साहको सभापतित्वमा भएको कार्यक्रममा रौतहटका अध्यक्ष शिवशङ्कर कुशवाहा, फूलमहमद अन्सारी, वीरेन्द्र हजरा, मुकेश कुर्मी, हीरा साहलगायतले आआफ्ना गुनासा व्यक्त गरेका थिए।

## लेखापरीक्षण तालीम

प्रस, वीरगंज, २ भदौ/

वीरगंज कलेजले शनिवार व्यवस्थापन सङ्कायका विद्यार्थीहरूलाई व्यावसायिक लेखापरीक्षण तालीम दिएको छ। कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले वीरगंजमा लेखापरीक्षकको धेरै खाँचो रहेको बताए।

उनले यहाँका कम्पनीहरूको लेखापरीक्षणका लागि काठमाडौंबाट लेखापरीक्षक ल्याउनुपर्ने बाध्यता रहेको बताए। उनले यस प्रकारको प्रशिक्षणबाट तयार हुने लेखापरीक्षकबाट वीरगंजको कारोबारमा टेवा पुग्ने बताए।

नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले अन्यत्र कतै देशमा एकै ठाउँमा तीनवटा भन्सार कार्यालय नरहेको तर वीरगंजमा तीनवटा भन्सार छन् तर शिक्षा प्रणाली भने सबैभन्दा कमजोर रहेको बताए।

कलेजका अध्यक्ष डा दीपेन्द्र चौधरीले वीरगंजमा औद्योगिक विद्यालयको आवश्यकता रहेको र त्यसको लागि वीउवासङ्घले पहल गर्नुपर्ने सुझाए।

**सप्रउ थपलियाको ...**

स्नातकोत्तर गरेका थिए। काठमाडौं–१० टोखामा बसोबास गर्ने थपलिया केही महीनाअघि पर्सामा सप्रउको जिम्मेवारी लिएर आएका थिए।




# खेलकूदको संसार

## एशिया रग्बीमा नेपालको पुरुष टोली सेमिफाइनल पुग्न असफल

काठमाडौं, २ भदौ/रासस

नेपालको युवा टोली घरेलु मैदानमा जारी एशिया यू–२० रग्बी सेभेन्सको सेमिफाइनलमा पुग्न असफल भएको छ।

दशरथ रङ्गशालामा शनिवारदेखि शुरू भएको एशिया रग्बी सेभेन्समा नेपालको यू–२० पुरुष टोलीले समूहको तीन खेलमा हार बेहोरेपछि सेमिफाइनलमा पुग्न असफल भएको हो।

नेपालको पुरुष टोली समूह 'बी'मा परेको थियो। समूहका तीनै खेलमा नेपाल पराजित हुन पुग्यो। पहिलो खेलमा भारतसँग २८–० ले पराजित भएको नेपालले दोस्रो खेलमा पनि मलेशियासँग ४४–० ले स्तब्ध भयो। फाइनलमा पुग्ने लक्ष्य राखेको नेपालको लगातार दोस्रो हारसँगै सेमिफाइनलमा नै पुग्ने आशा सकिएको थियो।

समूहको अन्तिम खेलमा पनि नेपाल हङकङसँग ३६–० ले हार बेहोर्यो। अब नेपालले पाँचौं स्थानका लागि भोलि उज्बेकिस्तासँग खेल्नेछ। भोलि हुने सेमिफाइनलमा चाइनिज ताइपेईले मलेशिया र थाइल्यान्डले हङकङसँग प्रतिस्पर्धा गर्ने भएका छन्।

यता महिलातर्फ पनि डबल राउन्ड रोबिनका आधारमा भएको प्रतियोगितामा नेपालको यू–२० महिला टोलीले तीन खेलमा नै हार बेहोरेको छ। नेपाली युवा टोलीले तीन खेलमा नै हारको सामना गरेपछि उपाधि जित्ने सम्भावना भने समाप्त भएको छ।

महिलाको लिगमा प्राप्त अङ्कका आधार शीर्ष तीन निर्धारण हुनेछ। पहिलो खेलमा हङकङसँग ३४–५ ले पराजित भएको नेपालले दोस्रो खेलमा मलेसियासँग २४–० ले हार बेहोर्यो। लगातार दोस्रो हारसँगै नेपालको उपाधि जित्ने अवसर गुमेको हो। तेस्रो खेलमा भने नेपाल थाइल्यान्डसँग ४५–० को फराकिलो हार सामना गर्न बाध्य भयो।

दुई दिने प्रतियोगितामा भोलि नै सेमिफाइनल र फाइनलका खेल हुनेछन्। प्रतियोगिताको युवा तथा खेलकूदमन्त्री डिगबहादुर लिम्बूले उद्घाटन गरेका थिए। उद्घाटनको अवसरमा एशिया रग्बीका अध्यक्ष कायस अल धलाई, राष्ट्रिय खेलकूद परिषद्का सदस्य–सचिव टङ्कलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ र नेपाल रग्बी सङ्घका अध्यक्ष दीपक देवकोटालगायतले सहभागिता थियो।

# मिल सञ्चालन गर्न उखु उत्पादक सङ्घको दबाब

प्रस, गरुडा, २ भदौ/

रौतहटको गरुडास्थित श्रीराम सुगर मिल्सलाई पुनः सञ्चालन गर्न उखु उत्पादक सङ्घ रौतहटले दबाबमूलक कार्यक्रमको आयोजना गरेको छ। उद्योगको प्राङ्गणमा शनिवार सङ्घले किसानहरूको भेला आयोजना गरेर राज्यमन्त्री, सांसद तथा विभिन्न दलका नेताहरूलाई आन्दोलनमा साथ दिन आह्वान गरेको छ। किसानहरूको आमसभामा पुगेका राजनीतिक अगुवाहरूले उद्योग सञ्चालनमा आफूहरू सहयोग गर्न तयार रहेको बताउँदै उद्योग सञ्चालन नगरे कडा आन्दोलन गर्ने चेतावनी पनि दिएका छन्।




मधेस प्रदेशका राज्यमन्त्री शेख अबुल कलाम आजादले उद्योग सञ्चालनमा रहेका समस्यालाई मधेस प्रदेश सरकारले समाधानका लागि सहजीकरण गर्न तयार रहेको बताउँदै रौतहटको आर्थिक विकास मुख्यगरी किसानहरूको समृद्धिको लागि चिनीमिल सञ्चालन हुनु अति आवश्यक रहेको बताए।

यसैगरी, सङ्घीय सांसद देवप्रसाद तिमल्सिनाले उद्योग सञ्चालनको लागि संसद्मा आफूले आवाज उठाएको तथा उद्योगपतिसँग पनि समन्वयका लागि आग्रह गरेको बताउँदै किसानको हकहितको लागि उद्योग सञ्चालन गर्नु अपरिहार्य रहेको बताए।

यसैगरी, सङ्घीय सांसद किरण साहले सडक र सदन दुवैमा आफू सङ्घर्ष गर्न तयार रहेको तर उद्योग सञ्चालन गराएर मात्र आफूले विश्राम लिने बताएकी छन्।

यसैगरी, प्रदेश सांसद जीतेन्द्र यादवले किसानको समृद्धि र भविष्यसित उद्योग सञ्चालनको सवाल गाँसिएकोले उद्योग सञ्चालन गराउन किसानको सङ्घर्षमा आफूले हरेक किसिमले साथ दिन तयार रहेको बताएका छन्।

किसानसभालाई गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवार, बौधीमाई नपाका प्रमुख प्रदीपकुमार यादव, वृन्दावन नपाका प्रमुख विनोद पटेल, पूर्वराज्यमन्त्री डा वंशीधर मिश्र, पूर्वराज्यमन्त्री योगेन्द्र यादव, पूर्वसांसद रामकुमार भट्टराई, रामस्नेही यादव, बृजकिशोर यादवसहित दर्जनौं नेताहरूले सम्बोधन गर्दै उद्योग सञ्चालन नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएका छन्। साथै उद्योगको कुनै पनि पाटपुर्जा आफूहरूले लैजान नदिने चेतावनी पनि दिएका छन्।

उद्योग व्यवस्थापनले २०७७ साउन ११ गते सूचना प्रकाशित गरी उद्योग स्थायीरूपले बन्द गरिएको जनाएको थियो। यसैगरी, व्यवस्थापन पक्षले नेपाल बैंक लिमिटेडसित मिलेर उद्योगका सम्पूर्ण मेशिनरी पाटपुर्जालाई टेन्डर प्रक्रियामार्फत गत साउन ४ गते बिक्री गरिसकेको छ।

पाँच वर्षभन्दा बढी समयदेखि पूर्णतया ठप्प रहेको उद्योगको सञ्चालनको लागि उखु उत्पादक सङ्घले निरन्तर दबाबमूलक कार्यक्रम गर्दै आएको छ। सङ्घका अध्यक्ष अशोकप्रसाद यादवले उद्योगका पाटपुर्जा जसले किनेको भएपनि लैजान नदिने तथा उद्योग सञ्चालनको वातावरण बनाउन आफूहरूले जुनसुकै त्याग गर्न पनि तयार रहेको बताएका छन्।

उद्योग बन्द भएपछि जिल्लाको आर्थिक क्षेत्रका साथै अर्थसित जोडिएका विभिन्न पक्षमा स्थानीयवासी, किसान, व्यवसायी तथा कर्मचारीसमेतलाई नोक्सान पुगेको विश्लेषण गरिएको छ।

**आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- बरफले आँखा सेक्ने।
- सेक्दा आँखा बन्द गरेर वा सफा रूमालले सेक्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- आँखा छोइसकेपछि साबुनपानीले राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
- बाहिर घाममा जाँदा कालो चश्मा लगाउने।
- सङ्क्रमित व्यक्तिले प्रयोग गरेका रूमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने।
- सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान अरूलाई प्रयोग गर्न नदिने।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधि प्रयोग नगर्ने।
- दृष्टि कम हुनेलगायतका आँखासम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड